घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

**सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल**

**भाग २ वर्ष २ अंक २२ २०७५ पुस २९ गते**

घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७५।९।२९ मा स्वीकृत भएको नमुना विद्यालय व्यवस्थापन कार्यक्रम कार्यान्वयन निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागी प्रकाशन गरिएको छ।

**प्रस्तावना**

सामुदायिक विद्यालयहरुमा समान पहुँच, नविनतम सूचना प्रविधिको अधिकतम प्रयोग सहित आधुनिक शिक्षण विधि मार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरि सुशासनका पक्षहरुलाई प्रभावकारी बनाई प्रवर्द्धनात्मक अभ्यास मार्फत विद्यार्थीहरुको सिकाइ उपलब्धी उच्च बनाउदै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सामुदायिक विद्यालयहरुलाई अभिभावक र विद्यालयको रोजाइको पहिलो केन्द्रविन्दु बनाउनका लागि नमुना विद्यालयको आवश्यकता देखिन्छ । विद्यालयमा उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गरि विद्यालयको कुसल व्यवस्थापन गर्ने र विद्यार्थीहरुको सिकाइ उपलब्धी वृद्धि गर्न यस नगरपालिकाको आ.व. २०७५।०७६ को वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि यो कार्यान्वयन निर्देशिका जारी गरीएको छ।

## परिच्छेद १

## प्रारम्भिक

## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो निर्देशिकाको नाम "नमुना विद्यालय व्यवस्थापन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५" रहेको छ।

(२) यो निर्देशिका घोडाघोडी नगरपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यपालिका" भन्नाले घोडाघोडी नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(ख) " नगरपालिका" भन्नाले घोडाघोडी नगरपालिका सम्झनु पर्छ।

(ग) "नगर शिक्षा समिति " घोडाघोडी नगरपालिकामा गठित नगर शिक्षा समिति भन्ने सम्झनु पर्दछ।

(घ) "शाखा अधिकृत" भन्नाले घोडाघोडी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत शाखा अधिकृत लाई सम्झनु पर्छ।

(ङ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले घोडाघोडी नगरपालिकामा रहेको शिक्षा शाखा लाई सम्झनु पर्छ।

(च) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारवाट वा नगरपालिकावाट अनुमति पाई अनुदान प्राप्त गर्ने विद्यालय भन्ने सम्झनु पर्दछ।

(छ) "कार्यसम्पादन करार "भन्नाले नमुना विद्यालयका लागि छनोट भएका विद्यालयका प्रधनाध्यापक र वि.व्य.स. अध्यक्ष विच भएको विद्यालय सुधार व्यवस्थापन सम्वन्धी सम्झौतालाई सम्झनु पर्दछ।

घोडाघोडी स्थानीय राजपत्र

## परिच्छेद दुई

### उद्देश्य

यो निर्देशिका जारी गर्नुका उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(१) नमुना विद्यालयको छनोट, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु ।

(२) विद्यालयको कुसल व्यवस्थापन गरि शैक्षिक गुणस्तर वृद्धिका लागि पहल गुर्न ।

(३) आधुनिक शैक्षिक प्रविधको प्रयोग गरि शिक्षण सिकाई को वातावरण तयार गर्नु ।

(४) गुणस्तरीय शिक्षाका लागि विद्यालयहरु विच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नु ।

## परिच्छेद तीन

### नमुना विद्यालय छनोटका आधार तथा प्रक्रिया

**नमुना विद्यालय छनोटका आधारहरु देहाय बमोजिम हुनेछन ।**

(१ प्रत्येक वडामा कम्तिमा १ वटा आधारभूत विद्यालय छनोट गरिने छ । उक्त विद्यालय छनोट गर्दा कक्षा ८ सम्म सञ्चालित विद्यालय छनोट गरिने छ । उक्त वडामा कक्षा ८ सम्म सञ्चालित आधारभूत विद्यालय नभएमा कक्षा ५ सम्म सञ्चालित विद्यालयलाई छनोट गरिने छ ।

(२) माध्यमिक विद्यलाय छनोट गर्दा साविकका ४ वटा गाविसहरु ( पहलमानपुर,रामशिखरझाला,साडेपानी र दरख ) लाई आधार मानी १/१ वटा विद्यालय छनोट गरिने छ ।

(३) यसरी छनोट गरिने विद्यालयमा निम्नुसार पूर्वाधार पुरा भएको हुनुपर्नेछ ।

(क) पर्याप्त जग्गा भएको हुनुपर्ने : नुमना विद्यालयको रुपमा छनोट हुने विद्यालयका लागि न्यूनतम ( माध्यमिक विद्यालयका लागि २ विगाहा र आधारूभत विद्यालयका लागि १.५ विगाहा ) जग्गा हुनु पर्नेछ । (एलानी जग्गा भएमा सम्वन्धित वडाको भोगचलन गरेको भनी उल्लेख भएको सिफारिस पेस गर्नुपर्ने )

(ख) विद्यालय सुरक्षित स्थानमा हुनु पर्ने : विद्यालयको भौगोलिक अवस्थिती बाढी,पहिरो,भूक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टीकोणले जोखीमपूर्ण स्थानमा नरहेको हुनुपर्नेछ ।

(ग) लिखित प्रतिवद्धता पेस गर्नुपर्ने : नगरपालिकावाट समय समयमा प्राप्त हुने मार्गदर्शन अनुरुप कार्य गर्न विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णय पेस भएको हुनुपर्नेछ ।

(घ) विद्यार्थी संख्या : नमुना विद्यालयका लागि छनौट हुने विद्यालयमा शिक्षा नियमावलीले तोके बमोजिमको कक्षागत न्यनतम विद्यार्थी सँख्याको कुलयोग पुगेको हुनुपर्नेछ ।

(ङ)अन्य शर्तहरु

- विद्यालय व्यवस्थापन समिति गठन भइ क्रियाशिल रहेको हुनुपर्ने ।
- विद्यालयको वार्षिक सामाजिक परिक्षण र लेखा परिक्षण भइ सार्वजनिक गरेको हुनुपर्ने ।
- तोकिएको समयमा माग भएका तथ्यांक सम्वन्धित निकायमा पेस भएको हुनुपर्ने ।

**नमुना विद्यालय छनौट प्रक्रिया निम्नानुसार हुनेछ ।**

(क) तोकिएको न्यनतम सर्त तथा मापदण्डहरु पुरा गरेको विद्यालयले कार्यालयले सूचना प्रकाशन गरि तोकिएको समयभित्र सम्वन्धित वडाको सिफारिस सहित आवश्यक सम्पूर्ण कागजात सहित निवेदन पेस गर्नुपर्नेछ ।

घोडाघोडी स्थानीय राजपत्र

(ख) शिक्षा युवा तथा खेलकुद शाखाले प्राप्त निवेदनहरुको छानविन गरि रितपूर्वक निवेदन दिने विद्यालयहरुको स्थलगत अनुगमन गर्ने गराउने  र शाखाको अभिलेख सँग भिडाई अनुसूचिमा उल्लेख भएका आधारमा प्रारम्भिक मूल्यांकन तयार पार्नुपर्नेछ ।

(ग) प्रारम्भिक मूल्यांकन सहित निवेदन दिने सम्पूर्ण विद्यालयहरुको विवरण नगर शिक्षा समितिको वैठकमा पेस गर्नुपर्नेछ । नगर शिक्षा समितिको बैठकको निर्णयानुसार नमुना विद्यालय छनौट गरिने छ ।

## परिच्छेद चार
## नमुना विद्यलायको विकास

नमुना विद्यालयका लागि आवश्यक पर्ने पूर्वाधार :

(क) विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने सबै तह र विषयका तथा विशेष आवश्यकता भएका वालवालिकाहरुका लागि समेत तालिम प्राप्त शिक्षकको व्यवस्था विद्यालयले गर्नुपर्नेछ ।

(ख) शिक्षण सिकाइ क्रियाकलाप व्यवहार कुसल सीपमा आधारित हुनेछ । साथै आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ।

(ग)विशेष आवश्कता भएका वालवालिकाहरुलाई समेत मध्यनजर गरि शिक्षण सिकाइका लागि आवश्यक पर्ने उपयूक्त र पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गरिने छ ।

(घ)आधारभूत तहका विद्यार्थीहरुका लागि पूर्वव्यवसायिक सिपको अवसरहरु उपलव्ध गराइने छ ।

(ङ) स्थानीय पाठ्यक्रम प्रारुपको आधारमा स्थानीय परिवेश र आवश्यकता अनुसारको पाठ्यक्रम विद्यालयले कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

(च)विद्यालयले शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग अधिकतम गर्नुपर्नेछ ।

(छ) शिक्षण सिकाइ क्रियाकलापका लागि पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्नेछ ।

(ज) विद्यालयले आवश्यक पर्ने भौतिक संरचना आफै निर्माण गर्नुपर्नेछ । सामान्य खालका मर्मत वाहेक ठूला संरचना निर्माणमा यस कार्यक्रमबाट खर्च गर्न मिल्ने छैन ।

(झ)माध्यमिक विद्यालयले पुस्तकालय/प्रयोगशालाको व्यवस्थापन गरि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

(ञ) विद्यालयमा प्राथमिक उपचार तथा परामर्श कक्ष सञ्चालन गर्नुपर्नेछ ।

(ट) विद्यालयमा खानेपानी तथा शौचालयको व्यवस्थापन गर्नुपर्नेछ ।

(ठ) विद्यालय घेरवार र बगैचा निर्माण गरि विद्यालयको वातावरण स्वच्छ राख्नु पर्नेछ ।

(ड) विद्यालयमा इन्टरनेट जडान गरि कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

(ढ) विद्यालय सञ्चालन विनियमावली तयार गरि कार्यान्वयन गर्नुपर्नेछ ।

(ण) विद्यालयले हरेक परीक्षाको नतिजा अनिवार्य रुपमा अभिभावकका उपस्थितिमा सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(त) विद्यालयले आवश्यकतानुसार विषय शिक्षकको संयोजक, तहगत इन्चार्ज , सहायक प्रधानाध्यापकको व्यवस्था गरि जिम्मेवारी विभाजन गर्नुपर्नेछ ।

(थ) उल्लेखित कार्य गर्नका लागि नगरापलिकाले विद्यालयलाई २ वटा किस्तामा ५०/५० प्रतिशत रकम अनुदानको रुपमा विद्यालयलाइ निकासा दिइने छ ।

(द)उक्त कार्यक्रमको पूर्णरुपमा कार्यान्वयन गर्ने दायित्व विद्यालयको हुनेछ भने अनुगमन गर्ने कार्य नगरपालिकाबाट गरिने छ ।

## अनुसूची १

### नमुना विद्यालय छनौटका लागि दिइने आवेदन

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
घोडाघोडी नगरपालिका
सुख्खड कैलाली

विषय : नमुना विद्यालय छनोट सम्वन्धमा

प्रस्तुत विषयमा घोडाघोडी नगरपालिकाको मिति २०७५।.......... मा प्रकाशित सुचना अनुसार शैक्षिक सत्र २०७६ देखी नमुना विद्यालय निर्माण गर्ने कार्यका लागि तपसिल बमोजिमको विवरण सहित यो निवेदन पेस गरिएको व्यहोरा अनुरोध छ ।

प्रधानाध्यापक  वि.व्य.स.अध्यक्ष

**तपसिल**

**कक्षागतविद्यार्थी सङ्ख्याः**

| कक्षा | ecd | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | सोभन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा विद्यार्थी सङ्ख्या | | | | | | | | | | | | | | | |

१. **तहगतएवंविषयगतशिक्षक सङ्ख्या**

| तह | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | कम्प्युटर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत | | | | | | | | |
| माध्यमिक | | | | | | | | |

२. **भौतिकपूर्वाधारः**

(क) भवनको प्रकार (पक्कि/कच्ची): ............

(ख) सुरक्षा व्यवस्था

1. विद्यालयको परिसर घेराबार गरिएको/नगरिएको: ............
2. घेराबार गरिएको भए, पर्खाल/काँडेतार / अन्य: ............
3. सुरक्षा गार्डको व्यवस्था भएको/नभएको: ............

(ग) कक्षा कोठा संख्या:

(घ) कम्प्युटर प्रयोगशाला कोठा (भएको/नभएको): ............

(ङ) कम्प्युटर प्रयोगशाला स्थापनाको लागि उपलब्ध कोठा सङ्ख्या (कम्तीमा १ वटा): ............

१. कोठा नं १ को साइजः ............ फिट लम्वाई र .............. फिट चौडाइ

२. सुरक्षित अवस्था

i. पक्की भवनमा रहेको / नरहेको: ............

ii. झ्याल ढोकामा चुकुल र चाबी लगाउने प्रबन्ध भएको / नभएको: ............

iii. कोठाको छानाको अवस्थाः पानी चुहिने/नचुहिने: ............

घोडाघोडी स्थानीय राजपत्र

iv. कोठाको भित्ताः पक्की र प्लाष्टर गरिएको/नगरिएको: ............

(च) फर्निचरको व्यवस्थापन

१. कम्प्युटर ल्यावको लागि टेवल कुर्सीको व्यवस्था भएको/नभएको: ............
नभएको भए व्यवस्थापन गर्न सक्ने/नसक्ने: ............

२. भूइँमा कार्पेटिङ्ग वा पार्केटिङ्गको व्यवस्था भएको/नभएको: ............
नभएको भए व्यवस्थापन गर्न सक्ने/नसक्ने: ............

३ वालवालिकाहरुका लागि फर्निचरको व्यवस्था भएको वा नभएको

(छ) विद्युतको आपूर्ति भएको/नभएको: ............

(ज) ब्रोडब्यान्ड इन्टरनेट कनेक्टिभिटीको व्यवस्था भएको/ नभएको: ............

(झ) इन्टरनेट कनेक्टिभिटीभएको भए इन्टरनेट सेवा उपलब्ध गराइएको माध्यम (प्रविधि) र उपलब्ध इन्टरनेटको व्याण्डवीथ ............

(ञ) उपलब्ध इन्टरनेट सेवा प्रदान गर्ने संस्थाको नामर सेवाको प्रकारः.....................

(ट) विद्यालयमासूचनाप्रविधिकोविषयशिक्षकभएको /नभएको: ............

(ठ) प्रतिवद्धतासहितको प्रस्तावना पत्र

**<u>प्रस्तावना पत्रको ढाँचा</u>**

१) पृष्ठभूमिः (विद्यालयको सङ्क्षिप्त परिचयः एक परिच्छेद मात्रै)

२) विद्यालयले हालसम्म गरेका प्रवर्द्धनात्मक कार्यहरूः (मुख्य तीन बुँदामा मात्रै)

३) सरकारी निकाय एवं अन्य संघ संस्थाहरुको सहयोगमा शिक्षामा नमुना विद्यालयसम्बन्धी कुनै कार्यक्रम सञ्चालित भएको भए सोको संक्षिप्त विवरण

४) नमुना विद्यालय स्थापना गर्नुको उद्देश्य (बुँदामा)

५) विद्यालयको तर्फबाटगर्न सक्ने योगदानः ( भवन कक्षाकोठा तथा फर्निचर घेरवार व्यवस्थापन गर्ने प्रक्रिया एक अनुच्छेदमा)

६) कार्यान्वयन लागि कार्ययोजनाः (थप स्रोत व्यवस्थापन र परिचालनको प्रक्रिया समेत

७) प्रतिवद्धता पत्रः

१. विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णय प्रति

२. आवश्यकतानुसार आर्थिक, भौतिक एवं दक्ष जनशक्तिको व्यवस्थापनको लागि सहयोग गर्ने तथा नियमित रुपमा अनुगमन, निरिक्षण गर्ने प्रतिवद्धता सहितको विद्यालय व्यवस्थापन समितिको निर्णाय ।

३. सम्वन्धित वडाध्यक्षको सिफारिस पत्र ।

८) अन्य थप (केही भए) ........................................................................

| नमुना विद्यालय मूल्याङ्कनका आधार | | | |
|---|---|---|---|
| क्र.सं. | सुचक | अङ्क भार | गणना विधि |
| १ | विद्यालय विद्यार्थी अनुपात | १० | क) शिक्षा नियमालीले तोके बमोजिम विद्यार्थी तहगत रुपमा मूल्यांकन गर्ने । |
| | | | ख) प्रति तह( आधारभुत र माध्यमिक) तोकिए बमोजिम विद्यार्थी भए ५, ५० प्रतिशत भन्दा वढि भए ४ र ५० प्रतिशत भन्दा कम भए ३ अंक |
| २ | शिक्षक पर्याप्तता | ५ | क) आधारभूत तह १-५, आधारभूत तह (६-८), माध्यमिक तह ९-१० र माध्यमिक तह ११-१२को शिक्षक अलग अलग गणना गर्ने |
| | | | ख) तहगत रुपमा शिक्षा नियमावलीले तोक बमोजिम दरवन्दी (स्थायी,राहतअनूदान)भए ५ अंक, ५० प्रतिशत भन्दा कम दरवन्दी भएमा ४ अंक र ५० प्रतिशत भन्दा कम दरवन्दी भएमा ३ अंक दिने |
| ३ | भौतिक पुर्वाधार | | क) आधारभुत तहमा १.५ विगाहा र माध्यमिक तहमा २ विगाहा भन्दा वढी भएमा ५ अंक, उल्लेखित जग्गाको ५० प्रतिशत भन्दा वढी भएमा ४ अंक र ५० प्रतिशत भन्दा कम भएमा ३ अंक दिने । |
| | क. विद्यालयसंग भएको जग्गाको पर्याप्तता | ५ | |
| | ख. कक्षाकोठा संख्या | ५ | कक्षागत विद्यार्थी संख्याका आधारमा कक्षाकोठा, कार्यालय कोठा, स्टाफ रुम, प्रयोगशाला, पुस्तकालय, स्टोर का लागि प्रर्याप्त कोठा भएको आधारमा ५ अंक, विद्यार्थीका लागि कक्षाकोठा र कार्यालय कोठा मात्र भएमा ४ अंक र विद्याथीका लागि पर्याप्त कक्षा काठा नभएमा ३ अंका दिने । |
| | ग. खेलमैदान | ५ | सबै विद्यार्थीहरु एकै साथ खेल खेल्न सक्ने मैदान भए ५ अंक, ५० प्रतिशत भन्दा वढी विद्यार्थी एकै साथ खेल खेल्न सक्ने मैदान भए ४ अंक र ५० प्रतिशत भन्दा कम विद्यार्थीका लागि खेलमैदान भएमा ३ अंक दिने । |
| | घ. सूरक्षाको व्यवस्था | ५ | विद्यालयको पूरा पक्की घेरवार भएमा ५ अंक, आधा पक्की र बाकी काडेतार भएमा वा पैु काडेतार भएमा ४ अंक र घेरवार नभएमा ३ अंक दिने । |
| | ङ. खानेपानीको स्रोत | ५ | शूद्ध खानेपानीको सूविधा प्रति १०० विद्यार्थीका लागि १ धारा का भएमा ५ अंक, प्रति २०० जना विद्यार्थीका लागि १ धारा भएमा ४ अंक र सो भन्दा कमजोर अवस्था भएमा ३ अंक दिने । |

घोडाघोडी स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | च. शौचालय | ५ | प्रति १०० छात्रका लागि २ WC, ६ urinals र २ Basins, प्रति १०० छात्राका लागि २ WC, २ Basins र शिक्षक स्टाफका लागि छुट्टै शौचालय भएमा अधिकतम ५ अंक, उल्लेखित विवरणको ५० प्रतिशत भएमा ४ अंक र पर्याप्त शौचालय नभएमा ३ अंक दिने । |
| | छ. विद्युत आपुर्ति | ५ | विद्यालयमा विद्युत आपूर्ति वा वैकल्पिक उर्जाको व्यवस्था भएमा ५ अंक र विद्यूतको आपुर्ति नभएमा ३ अंक दिने । |
| | ज. ICT उपकरण संख्या | ५ | विद्यालयमा उपलब्ध Computer, Laptop, Projector, Multimedia Speaker pknJw ¿Pdf c+s lbg]], sDKo"^/ dfq pknJw ¿Pdf 4 c+s lbg] / sDKo"^/ pknJw g¿Pdf 3 c+s lbg] . |
| | झ. इन्टरनेट सुविधा | ५ | विद्यालयमा इन्टरनेट सूविधा भए ५ अंक र नभएमा ३ अंक दिने । |
| | ञ. विद्यालय हातामा वृक्षारोपण तथा फुलबारीको अवस्था र सरसफाइ तथा फोहरमैलाको व्यवस्थापन | ५ | विद्यालय हातामा वृक्षारोपण तथा फुलबारीको अवस्था र सरसफाइ तथा फोहरमैलाको व्यवस्थापन राम्रो गरको भएमा ५ अंक, विद्यालयमा वक्षारोपण फुलवारी आंशिक रुपमा व्यवस्था गरेको भएमा ४ अंक र उक्त व्यवस्था नभएको भए ३ अंक |
| ४ | विद्यार्थी नतिजा | १० | क) नतिजाको गणना गर्दा गत शैक्षिक सत्रको कक्षा ५, ८, र १० को नतिजालाई आधार लिइनेछ । कक्षा ५ को हकमा ख श्रेणी भन्दा माथिको श्रेणी ल्याउने विद्यार्थी गणना गर्ने, कक्षा ८ र १० मा १.६ जीपीए भन्दा वढी ल्याउने विद्यार्थी गणना गर्ने र उक्त प्रतिशतलाई १० अंकमा हिसाव गर्ने । |
| | | | ख) (कक्षा ५उत्तीर्ण प्रतिशत +कक्षा कक्षा ८उत्तीर्ण प्रतिशत +कक्षा कक्षा १० उत्तीर्ण प्रतिशत)/100 *10 =हुनआउने अक |
| ५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | | |
| | क. विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि निमार्ण भएका | ५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि निमार्ण भएको भए ५ अंक, नगरको भए ३ अंक |
| | ख. सामाजिक परीक्षण | २ | सामाजिक परीक्षण सम्पन्न भएको भए २ अंक नगरेको भए १ अंक |
| | ग. विद्यालय वि.व्य.स.को बैठक संख्या : | २ | चालु शैक्षिक सत्रमा कम्तिमा ४ बैठक वसेका भए २ अंक सो भन्दा कम बैठक वसेको भए १ अंक दिने । |
| | घ. शि.अ.सं.को बैठक संख्या : | २ | चालु शैक्षिक सत्रमा कम्तिमा २ बैठक वसेका भए २ अंक सो भन्दा कम बैठक वसेको भए १ अंक दिने । |

| | | | |
|---|---|---|---|
| | ङ. अभिभावक भेला तथा छलफल संख्या : | २ | चालु शैक्षिक सत्रमा कम्तिमा २ पटक भेला गरेको भए २ अंक सो भन्दा कम भए १ अंक दिने । |
| | च. शिक्षक स्टाफ बैठक संख्या: | २ | चालु शैक्षिक सत्रमा कम्तिमा ८ बैठक वूसेको भए २ अंक र सो भन्दा कम भए १ अंक दिने । |
| ६ | विद्यालयको आम्दानी | ३ | विद्यालयको नियमित आम्दानी भएमा ३ अंक र नभएमा १ अंक |
| ७ | सम्वन्धित वडाको मुल्यांकन | ३ | सम्वनधित वडाध्यक्षले सिफारिस गरे बमोजिम हूने । |
| ८ | शिक्षा शाखाको मुल्यांकन | २ | तोकिएको समयमा सहि तरिकाले कार्यसम्पादन गरे/नगरेको तथा निर्देशन कार्यान्वयन गरे/नगरेको आधारमा शाखा प्रमूखको मुल्यांकन बमोजिम हूने । |
| ९ | विद्यालयको अवस्थिति | २ | नजिक रहेको विद्यालय गाभिइ सञ्चालन हूने अवस्थाका आधारमा २ अंक र उक्त अवस्था नभएमा १ अंक दिने |
| | जम्मा | १०० | |

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत



घोडाघोडी स्थानीय राजपत्र